स्थानीय राजपत्र

# केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या ९, २१ असाढ २०८१


भाग-१

# केराबारी गाउँपालिकाको विनियोजन ऐन, २०८१

गाउँ सभामा पेश मितिः २०८१।०३।१० गते

गाउँसभावाट पारित मिति -२०८१।०३।१० गते

<u>**प्रस्तावना**</u> : केराबारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोलेनेपालको संविधानको धारा २२९ को

उप-धारा (२) बमोजिम केराबारी गाउँपालिकाको गाउँसभाको तेह्रौंअधिवेशनले यो ऐन बनाएको छ ।

<u>१.संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "**केराबारी गाउँपालिकाको विनियोजन ऐन, २०८१**" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

<u>२.आर्थिक वर्ष २०८१/८२को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u> :आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिकाका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७८,६६,९५,५७०.०० ।—(अठहत्तर करोड छैसठ्ठी लाख पन्चानव्वे हजार पाँच सय सत्तरी रुपैयाँ मात्र) वाट नबढाई निर्दिष्ट गरिदिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजन</u>: १) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।८२ को निमित्त केराबारी गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शिर्षकमारकमान्तरगर्न सकिनेछ। यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन

सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च रभुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्योहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भएता पनि शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमकको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तरगर्न परेमा गाँउसभाको स्वीकृति लिनु पर्नेछ।

४) भैपरी आउने शिर्षकमा विनियोजन भएको बजेटबाट खर्च लेख्न गाउँकार्यपालिकाको बैठकवाट निर्णय गर्नुपर्नेछ।

**४. अधिकार प्रत्यायोजन**:- यस ऐनको अनुसूचीमा उल्लेख भएका योजना तथा कार्यक्रम सञ्चालनमा कुनै वाधा व्यवधान आएमा वा थप व्यवस्था वा थपघट गर्नुपर्ने भएमा वजेट थपघटगर्न वा वजेट वाडफाड गर्न साथै थप श्रोत प्राप्त हुन आएमा वा वचत हुन आएमा गाउँ कार्यपालिकाले योजना तथा कार्यक्रममा विनियोजनको निर्णय गरि खर्च गर्न सक्नेछ र सो निर्णय गाउँसभामा पेश गर्नुपर्नेछ ।

**५. कार्यविधि/मार्गदर्शन/निर्देशिका/मापदन्ड वनाउन सक्ने**-यो ऐनले निर्देशित गरेको कुनैपनि आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि/मार्गदर्शन/निर्देशिका/मापदन्ड वनाई लागु गर्न सक्नेछ ।

अनुसूची -१

केराबारी गाउँपालिकाको आ.ब. २०८१।८२ को अनुमानित आय-व्यय विवरण

| क्र. सं. | आय | | | क्र.सं. | व्यय | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम रु. | | | विवरण | रकम रु. |
| १ | **संघिय सरकार अनुदान** | | ३३१३०९००० | १ | कार्यालय सञ्चालन चालु | १३५,०००,०००.०० |
| १.१ | समानिकरण अनुदान | ११४९००००० | | २ | कार्यालय व्यवस्थापन-पूजीगत | १०,०००,०००.०० |
| १.२ | शसर्त अनुदान चालु | २०२५००००० | | ३ | वहुवर्षे आयोजना | ५७,७००,०००.०० |
| १.३ | शसर्त अनुदान पुजीगत | ५९०९००० | | ४ | **क्रमागत आयोजना** | १५०७२००० |
| १.४ | समपुरक अनुदान | | | ५ | समपुरक कोष (संघ प्रदेश र सडक बोर्ड) | १५,०००,०००.०० |
| १.५ | बिशेष अनुदान | ८०००००० | | ६ | विपत व्यवस्थापन कोष | ३,०००,०००.०० |
| | | | | ७ | मर्मत सम्भार कोष | ३,०००,०००.०० |
| २ | **प्रदेश सरकार अनुदान** | | २४८०२००० | ८ | कर्मचारी कल्याण कोष | २,०००,०००.०० |
| २.१ | वित्तिय समानिकरण अनुदान | ७०५९००० | | ९ | वडा सिलिङ | ५०,०००,०००.०० |
| २.२ | समपुरक अनुदान | १००००००० | | १० | विषयगत शाखा | ४६,६००,०००.०० |
| २.३ | प्रदेश शर्सत अनुदान-चालू | ३६४३००० | | ११ | गाउँपालिका भवन कम्पाउण्डिङ र परिसर व्यवस्थापन | १०,०००,०००.०० |
| २.४ | प्रदेश शर्सत अनुदान-पूजीगत | ४१००००० | | १२ | अन्य गाउँपालिका स्तरिय आयोजना/कार्यक्रम | ६१९५०,०००.०० |
| ३ | **राजश्व बाडँफाँड** | | २१७५७१५७० | १३ | **संघीय सशर्त अनुदान तर्फको चालु खर्च (शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा)** | **२०२५०००००** |
| ३.१ | संघीय राजश्व बाँडफाँड | ११०९००००० | | १४ | **प्रदेश सशर्ततर्फको चालू** | **३६४३०००** |
| ३.२ | प्रदेश राजश्व बाँडफाँट (सवारी साधन शुल्क) | ६५२१५७० | | १५ | **सामाजिक सुरक्षा** | **१३००००००** |
| ३.३ | स्थानीय राजश्व बाँडफाड (दहत्तरबहत्तर शुल्क) | ८००००००० | | १६ | **संघीय सशर्त अनुदान तर्फको पुँजीगत खर्च (शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा)** | ५,९०९,०००.०० |

| क्र. सं. | आय | | | क्र.सं. | ब्यय | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम रु. | | | विवरण | रकम रु. |
| ३.४ | स्थानीय राजश्व बाँडफाड (मालपोत रजिष्टेसन बाँडफाँड) | २०००००००० | | १७ | **लागत सहभागिता** | २,०००,०००.०० |
| ३.५ | विज्ञापन कर | १५०००० | | १८ | **प्रदेश सशर्ततर्फको पूँजीगत** | ४,१००,०००.०० |
| ४ | **आन्तरीक श्रोत** | | ७०४१३००० | १९ | **संघीय विषेश अनुदान** | ८,०००,०००.०० |
| ४.१ | आन्तरीक आय | ३२७४१००० | | २० | **प्रदेश समपुरक अनुदान** | १०,०००,०००.०० |
| ४.२ | बैङ्क मौज्दात | ३७६७२००० | | २१ | **चालू आ.ब. मा सिर्जना हुने दायित्वको भुक्तानी** | ५,२२१,५७०.०० |
| **५** | जिल्ला समन्वय समितिवाट अनुदान | १०६०००००० | **१०६००००००** | २२ | विविध भैपरी पूँजिगत | ६००००००.०० |
| ६ | **लागत सहभागिता** | २००००००० | २००००००० | | | |
| ७ | **सामाजिक सुरक्षा** | १३०००००००० | १३०००००००० | | | |
| **जम्मा रु.** | | | ७८६,६९५,५७०.०० | **जम्मा रु.** | | ७८६,६९५,५७०.०० |

**आज्ञाले,**

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत